जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ६० २०८१ साल असोज १० गते बिहीबार (26 Sep. 2024 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : मञ्जुरीबिना विवाह गरेका.. ३ पृष्ठमा : अमेरिकी राष्ट्रपति चुनाव : ह्यारिस. ३ पृष्ठमा : इरानबाट मेरो जीवन 'ठूलो खतरा'.

# मधेस प्रदेश सरकारको सय दिन

## चार विधेयक पारित, एमबिबिएस पढाईका लागि ५० सिटको स्वीकृति



**दैनिक समाचारदाता**
**जनकपुरधाम, ९ असोज ।**

मधेस प्रदेश सरकारले सय दिनको अवधिमा प्राप्त उपलब्धि सार्वजनिक गरेको छ ।

प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले आफ्नो कार्यकालको १०० दिन पूरा गरेको अवसरमा बुधबार जनकपुरधाममा पत्रकार सम्मेललन गरि सो अवधिमा भएका काम कारबाहीहरु सार्वजनिक गरेका हुन ।

यस अवधिमा प्रदेशसभाबाट चार वटा विधेयकहरू पारित भएको बताए । प्रदेशसभाबाट सालवासी विधेयकबाहेक प्रदेश खेलकुद विकास सम्बन्धमा बनेको विधेयक, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा बनेका विधेयक र प्रदेश यातायात तथा सवारी व्यवस्थापन विधेयक गरी चार वटा विधेयक पारित भएको जानकारी दिए ।

प्रदेश सरकारले विकासका कामसँगै आर्थिक तथा सामाजिक रूपान्तरणका लागि गरेको प्रतिबद्धता अनुरूप १०० दिनको बिचमा निष्ठाका साथ कार्यसम्पादन गरेको सिंहले जानकारी समेत दिए ।

यस्तै केही अत्यावश्यक र महत्त्वपूर्ण विधेयकहरू प्रदेशसभाका विभिन्न विषयगत समितिमा छलफलमा रहेका र केही विधेयकको मस्यौदा तयार भई प्रदेशसभामा पठाउने प्रक्रिया अघि बढाइएको मुख्यमन्त्री सिंहको भनाइ छ ।

सिंहले प्रदेश लोकसेवा आयोगमा रिक्त अध्यक्ष र एक सदस्य नियुक्त गरी आयोगलाई पूर्णता दिएको जानकारी गराएका छन् । प्रदेश नीति तथा योजना आयोगमा क्षमता र सक्षमताका आधारमा व्यावसायिक व्यक्तिहरूलाई नियुक्त गरिएको र लामो समयदेखि थाँती रहेको बढुवा नियुक्ति, कर्मचारीको रुचि, योग्यता, दक्षता अनुभव र तालिमलाई प्राथमिकतामा मनोबल अभिवृद्धि गर्ने किसिमले सरुवा व्यवस्थापन भइरहेको मुख्यमन्त्री सिंहले सुनाए ।

आफू मुख्यमन्त्री भएपछि मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाममा एमबिबिएस कार्यक्रम सञ्चालनका लागि निर्णय भएको र त्यसलगत्तै चिकित्सासेवा आयोगले यस वर्षबाटै प्रारम्भ हुनेगरी प्रतिष्ठानलाई एमबिबिएस अध्ययन अध्यापनका लागि ५० सिटको स्वीकृति दिएको सिंहले जानकारी दिए ।

यस्तै गुणस्तरीय तथा विशिष्टीकृत स्वास्थ्य सेवा प्रवाहका लागि प्रदेश सरकारले प्रतिष्ठानअन्तर्गतको प्रादेशिक अस्पतालमा तीन सय बेड थप्ने निर्णय गरेको र त्यसका लागि स्रोतसमेत सुनिश्चित गरिएको छ । यस्तै शैक्षिक गुणस्तर विकासका लागि सिकाइ प्रणाली रूपान्तरण गर्न धनुषा र सिराहामा शैक्षिक पार्क बनाउने प्रक्रिया अघि बढाइएको समेत मुख्यमन्त्री सिंहले जानकारी दिए ।

मुख्यमन्त्री सिंहले पत्रकार सम्मेलनमा भने, 'बहुबुद्धिमत्ता, सामाजिक सिकाइ सिद्धान्त, विज्ञान प्रविधिप्रति रुचि प्रवर्द्धन गर्ने र २१ औँ शताब्दीको सीप प्रवर्द्धनका सिद्धान्तहरूमा आधारित शैक्षिक पार्क मधेस प्रदेशका सन्दर्भमा नवीन र महत्वपूर्ण कदम हो, मधेस प्रदेशका आठ वटै जिल्लामा क्रमिक रूपमा एक-एक वटा शैक्षिक पार्क स्थापना गर्ने सरकारको योजना छ । मधेस प्रदेशको समग्र कृषि प्रवर्द्धन र विकासका लागि कृषि क्षेत्रमा महिला स्वयंसेविका परिचालन गर्ने उद्देश्यले कृषि महिला स्वयंसेवक कार्यक्रम अगाडि बढाइएको छ ।'

उनका अनुसार यसबाट कृषि क्षेत्रसँग सम्बद्ध सूचना विस्तृत र सरल ढङ्गले किसानसम्म पुग्ने, प्रदेश सरकारका कृषिसम्बन्धी नीति र कार्य योजनामा किसानको पहुँच बढ्ने, कृषि प्राविधिक र किसानबिच समन्वयकर्ता कायम हुनेछ ।

यसैगरी कमला नदीको उकासका जग्गामा कृषिलगायतका कार्यमा अधिकतम उपयोग गरी त्यसमा आश्रित किसानको जीवनस्तर उकास्ने उद्देश्यले एकीकृत कृषि विकास परियोजनाका लागि डिपिआर तयारी भइरहेको उनले जानकारी दिए ।

पशुबिमा, निर्वाचन क्षेत्रलक्षित कृषि विद्युतीकरण कार्यक्रम, कृषि उत्कृष्टता केन्द्र, हरेक पालिका एक एग्रोभेट कार्यक्रम, प्रारम्भिक मल वितरण कार्यक्रम र मन्डीसँगै १६ ठाउँमा शीतभण्डार, भेटेनरी एम्बुलेन्स, भेटेनरी अस्पताल लगायतका महत्त्वपूर्ण योजना अघि बढाइएको पत्रकार सम्मेलनमार्फत मुख्यमन्त्री सिंहले जानकारी दिए ।

प्रदेश सरकारले अन्तर्राष्ट्रिय रामजानकी क्रिकेट रङ्गशालाका लागि अवधारणात्मक संरचना तयार भई डिपिआर तयार हुने क्रममा रहेको र दुग्धमती नदीको प्राकृतिक बहाव क्षेत्र पहिचान गरी सीमा निर्धारण तथा उत्खनन गर्ने कार्य अगाडि बढाइएको पनि उनले आफ्नो प्रगति विवरणमा उल्लेख गरेका छन् ।

मुख्यमन्त्री सिंहले एसियाली विकास बैंकको ऋण सहायतामा सिँचाइ आधुनिकीकरण प्रवर्द्धन आयोजनाअन्तर्गत विभिन्न उपआयोजनाहरूका लागि दुई अर्ब १९ करोड रकम बराबरको बोलपत्र आह्वान भएको जानकारी दिए ।

उनले बोलपत्र आह्वान गरिएका १५ वटा उपआयोजनाबाट मधेस प्रदेशको पाँच हजार सात सय ९८ हेक्टर भूभागमा थप सिँचाइ सुविधा पुग्ने पनि उल्लेख गरे ।

प्रदेशका विभिन्न ठाउँमा अतिक्रमित वनक्षेत्रको पहिचान गरी अतिक्रमणमुक्त बनाउने र त्यस ठाउँमा वृक्षारोपण गर्ने बृहत् कार्यको थालनी भइसकेको भन्दै उनले उनले चुरे, भावर तथा तराई क्षेत्रको पारिस्थितिकीय प्रणाली र जैविक विविधता संरक्षणलगायतका कार्यलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन प्रदेशका थप दुई ठाउँहरूमा भू तथा जलाधार कार्यालय स्थापना गरिएको बताए ।

उनले प्रदेश रजिस्ट्रार कार्यालयको स्थापना भएको र त्यसबाट प्रदेशमा हस्तान्तरण भएर आएका करिब आठ सय सहकारीहरूको परिचालन, अनुगमन र नियमन हुने जानकारी दिए ।

स्थानीय तहबाट मधेस प्रदेश सरकार मातहत हस्तान्तरण भई

***बाँकी अन्तिम पृष्ठमा***

# काँग्रेसले मधेश सरकारको नेतृत्व लिन सभापतिलाई ध्यानाकर्षण



**दैनिक समाचारदाता**
**बिरगंज, ९ असोज ।**

प्रदेशमा कांग्रेस नेतृत्वको सरकार बनाउन मधेस प्रदेश सभापति कृष्ण यादवले बुधबार पार्टी सभापति शेरबहादुर देउवा समक्ष ध्यानाकर्षण पत्र बुझाएका छन् ।

केन्द्रीय गठबन्धन अनुसार मधेसमा सरकार बनेको सय दिन पुगेलगत्तै कांग्रेस मधेस प्रदेशले आफ्नो नेतृत्वमा सरकार बनाउन दबाब बढाउन थालेको हो ।

वीरगन्ज आइपुगेका पार्टी सभापति देउवासँग भेटघाट गर्दै प्रदेश सरकारको नेतृत्व लिनका लागि पहल गर्न ध्यानाकर्षण गराएका प्रचारप्रसार विभागले जनाएको छ ।

ध्यानाकर्षण पत्रमा लेखिएको छ, 'नेपाली कांग्रेसको सांगठनिक वा सरकार निर्माण सङ्ख्यात्मक भूमिकामा मधेस प्रदेशको योगदान महत्त्वपूर्ण रहेको यहाँलाई अवगतै छ, मुलुक सङ्घीयतामा प्रवेश पश्चात् यसको महत्त्व अझै वृद्धि हुँदै गएको छ । मुलुक सङ्घीयतामा प्रवेश पश्चात् संवैधानिक निर्वाचन प्रणालीका कारण गठबन्धनबाट मात्र सरकार निर्माण हुने अवस्था छ । सङ्घीय सरकार र विभिन्न प्रदेशहरूको सरकारको नेतृत्व गर्ने अवसर सभापति ज्यूकै सबल नेतृत्वका कारण कांग्रेसले प्राप्त गरिरहेको अवगत नै छ ।'

मधेस प्रदेशमा कांग्रेसको नेतृत्वमा सरकार निर्माण गर्ने विषय अहिलेसम्म प्राथमिकतामा नपरेका कारण कांग्रेसका मतदाताहरूमा निराशा बढ्दै गएको प्रदेश कार्य समितिको ठहर छ ।

ध्यानाकर्षण पत्रमा भनिएको छ- 'यही ठहरलाई मध्यनजर गर्दै प्रदेश कार्यसमितिको असोज ७ गते बैठक बस्यो, जसमा सभापतिसमक्ष मधेस प्रदेशमा नेपाली कांग्रेस नेतृत्वमा सरकार निर्माणमा प्राथमिकताका साथ पहल र अवसरका लागि ध्यानाकर्षण गराउने भन्ने निर्णय भयो । जसअनुरूप यसतर्फ सिङ्गो पार्टी र सभापतिको गम्भीर ध्यानाकर्षणको लागि हार्दिक अनुरोध गरिन्छ ।'

**चाडपर्वको समयमा खानपानमा ध्यान दिऔं ।**

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
- काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### कृषिमा ध्यान पुऱ्याऔं

जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा निकै क्षति पुगिरहेको छ । कृषि क्षेत्र अधिकांश आकाशे पानी मै निर्भर हुने गरेको छ । तर, अहिले जलवायु परिवर्तनका कारण चिसोमा गर्मी, गर्मीमा चिसो, अनुचित समयमा बर्षा र बर्षाको मौसममा बर्षा नै नहुने हुँदा कृषि क्षेत्र तहसनहस हुने अवस्थामा पुगेको छ । लामो समयदेखी नेपालको कृषि क्षेत्र विभिन्न कारणले प्रभावित बन्दै गर्दा अहिले आएर सबैभन्दा बढी जलवायु परिवर्तनले नै असर पारिरहेको छ ।

नेपाल जैविक विविधताले भरिएको देश हो भनेर भनिन्छ । कृषिप्रधान देश भनिएपनि यसतर्फ सरकार तथा अन्य सरोकारबालाले खासै ध्यान पुगेको देखिन्न् । यसको असरलाई सकेसम्म कम गर्ने बाहेक हामीसँग अरु कुनै विकल्प छैन । यता कृषिविधिले पनि यसतर्फ ध्यान पुऱ्याइरहेको देखिन्न् । अहिले मौसमको बैमौसमी आवतजावतले हरेक क्षेत्र प्रभावित भइरहेको छ । जाडो मौसममा फल्ने फलफूल गर्मीमा फल्ने र गर्मीको जाडोमा जस्ता कामहरु पनि भइरहेको छ ।

जलवायु परिवर्तनका बारेमा जनतालाई सुसूचित गर्दै त्यसैसँग तालमेल हुने खालको बैज्ञानिकरण खेतीप्रणालीका लागि अध्ययन अनुसन्धान जरुरी छ । तसर्थ जलवायु परिवर्तनसँगै तालमेल हुने खालका कृषितर्फ योजना बनाउनु नै अहिलेको आवश्यकता हो । यसका लागि तीनै तहको सरकारले कृषि क्षेत्रलाई बैज्ञानिकीकरण गरेर अगाडी बढ्नु पर्ने आवश्यकता रहेको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# मञ्जुरीबिना विवाह गरेका नाबालकलाई बहुमुद्दा नचलाइने

**कालिका खड्का**
काठमाडौं, ९ असोज (रासस( ।

महिला र पुरुष दुवै जना नाबालक भएको र बाबुआमाको मञ्जुरी नलिइ विवाह गरेमा जुन विषयमा अपराध हो त्यो विषयमा मात्र सजाय गर्न मातहातका सरकारी वकिल कार्यालयलाई निर्देशन दिइएको छ ।

महान्यायाधिवक्ता रमेश बडाललेबडालले मंगलबार मातहातका सरकारी वकिल कार्यालयलाई त्यस्तो निर्देशन दिनुभएको हो । उहाँले अभिभावकको मञ्जुरी नलिइ भागेर विवाह गरेका बालबालिकाको हकमा बालकलाई शरीर बन्धक तथा अपहरण, जवरजस्ती करणी र एकीकृत कसूरजस्ता विषयमा जाहेरीपर्ने र अभियोजन गर्नेगरेको अभ्यास देखिएकाले त्यस्तो नगरी जुन विषयमा अपराध गरेको हो त्यो विषयमा मात्र सजाय गर्ने निर्णय गरी दिर्नेशन दिइएको जानकारी दिनुभयो ।

"अठार वर्ष मुनिका बालबालिकाले बाबुआमाको मञ्जुरी नलिइ प्रेम विवाह गरेको अवस्थामा त्यो बालकलाई धेरै विषयमा बहु मुद्दा लगाउने गरेको देखियो," महान्यायाधिवक्ता बडालले भन्नुभयो, "मायामा परेर भागेर विवाह गरेको बालकलाई शरीर बन्धक, जवरजस्ती करणी, अपहरणजस्ता धेरै विषयमा मुद्दा लगाउन हुँदैन, जुन विषयमा अपराध गरेको हो, त्यो विषयमा मात्र मुद्दा लगाउनुपर्छ ।"

सर्वोच्च अदालतबाट २०७९ कात्तिक २८ सङ्गीता (परिवर्तित नाम) जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सन्तोषकुमार यादव भएको अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणी मुद्दामा 'जबरजस्ती करणी र बालविवाहमा हुन सक्ने करणीको उद्देश्य, पृष्ठभूमि, तयारी, कार्य र मान्यतामा नै आधारभूतरूपमा फरक रहन जाने हुनाले जबरजस्ती करणीलाई बालविवाहको सन्दर्भमा उमेर मात्रको सीमाबद्ध गर्न सकिने अवस्था रहँदैन' भनी व्याख्या भएको छ ।

बालबालिकाको सर्वोत्तम हितलाई संरक्षण गर्नु नेपाल सरकारको कर्तव्य भएको हुँदा यस्तो अवस्थामा अनुसन्धान र अभियोजन गर्दा अधिक अपराधिकरण गरी नाबालकलाई धेरै मुद्दा चलाउने भन्दा सुधार गर्नेगरी अनुसन्धान र अभियोजन गर्नु उचित हुने भएकाले उक्त निर्देशन सबै सरकारी वलिक निकायलाई दिइएको हो ।

बालविवाह बाहेक अन्य विषय बालविवाहको परिणामस्वरूप सृजना भएको परिस्थितिको कारण उत्पन्न भएको र अन्य कसूर गर्ने गराउने मनसाय राखी कार्य भएको रहेनछ भने अधिक अपराधिकरण नहुनेगरी बालविवाहको कसूरमा मात्र अनुसन्धान र अभियोजनको कारवाही अगाडि बढाउन निर्देशित गरिएको छ ।

महान्यायाधिवक्ताबाट सरकारी वकिलसम्बन्धी नियमावली, २०७७ को नियम ४२ (१) बमोजिम निर्देशन हुन आवश्यक देखिएको उक्त निर्णय गरी मातहतका निकायलाई निर्देशन दिने निर्णय भएको हो ।

**कानुनअनुसार मिलापत्र गर्न सकिने**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) तथा नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनुपर्ने मापदण्ड, २०८० बमोजिम मिलापत्र गराउन सकिने कानुनी व्यवस्था छ ।

निर्देशनमा भनिएको छ, "मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २१ अन्तर्गतको सर्वसाधारणको ठगी, अनुचित लेनदेन, सर्वसाधारणको सम्पत्तिको हानिनोक्सानी, आपराधिक विश्वासघात, सर्वसाधारणको सम्पत्तिको हानिनोक्सानीका विषयमा ठेक्का वा करारको काममा फरक पार्नेसम्बन्धी मुद्दा, सर्वसाधारणको सम्पत्ति हानिनोक्सानी भएको मुलुकी अपराध संहिता, २०७४ दफा २८५ बमोजिमको आपराधिक उपद्रबसम्बन्धी मुद्दा कानुनबमोजिम मिलापत्र गराउन सकिनेछ ।"

त्यस्तै महान्यायाधिवक्ता कार्यालयले २०८० साउन ११ को निर्णय बमोजिम जारी भएको नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनुपर्ने मापदण्ड, २०८० को दफा ११ खारेज गरी मिलापत्र हुने मुद्दामा अभियोग माग दाबी वा फैसलामा नै प्रत्येक प्रतिवादीको हकमा विगो रकम यकिन भएको रहेछ भने आफ्नो दायित्वमा रहेको विगो रकमको हकमा पीडित र सम्बन्धित प्रतिवादीले मिलापत्र गर्न चाहेमा यस्ता प्रतिवादीको हकमा आंशिक मिलापत्र गराउन सकिने निर्णय गरेको छ ।

त्यसैगरी सर्वोच्च अदालतबाट नेपाल राष्ट्र बैंकको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिव्यकुमार श्रेष्ठ समेत भएको बैकिङ्ग कसूर मुद्दामा अभियोगपत्र दायर हुँदा कर्जा चुक्ता भइसकेको देखिएको अवस्थामा समेत उक्त कार्य बैंकिङ कसूर अन्तर्गतपर्ने उल्लेख छ ।

गम्भीर कसूर कायम गरी सजायका लागि माग दाबी गरेको कार्य न्यायोचित समेत नदेखिने भनी प्रतिवादीहरुले अभियोग दाबीबाट सफाई पाउने गरी फैसला भएको सन्दर्भमा ऋण लिएका व्यक्तिले ऋण चुक्ता नगरेको कारणले उत्पन्न भएको बैंङ्गिग कसूर वा सहकारी ऐन अन्तर्गतको कसूरको सम्बन्धमा मुद्दा दायर हुनुभन्दा अगाडि तिर्नुपर्ने साँवा, ब्याजभुक्तान गरेको प्रमाण पेश गरेकोमुद्दामा सामान्यतया अभियोजन नगर्ने उल्लेख छ ।

यस्ता मुद्दामा अभियोजन गरिएको भए पनि सम्बन्धित बैंक वा वित्तिय संस्था वा सहकारी संस्था वा पीडित व्यक्ति र प्रतिवादीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ (२) तथा नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनुपर्ने मापदण्ड, २०८० बमोजिम प्रक्रिया पूरागरी मिलापत्र गर्न चाहेमा मिलापत्र गर्न सकिने व्यवस्था छ ।

**फरार शब्दको सट्टा 'अनुपस्थित लेख्ने'**

मुद्दाको अनुसन्धानको क्रममा कुनै आशङ्कित उपर पक्राउ पूर्जी जारी नभएको वा अनुसन्धानको क्रममा हिराशतमा नराखी अनुसन्धान भएकोमा अभियोजन गर्दा त्यस्ता व्यक्तिलाई अभियोगपत्रका साथ उपस्थित गराउन नसकेकोमा अभियोगपत्रमा निजको हकमा फरार प्रतिवादी भन्ने वाक्यांशको सट्टामा 'अनुपस्थित प्रतिवादी' भनी उल्लेख गर्ने निर्देशन भएको छ ।

"प्रहरी वा सरकारी निकायले बोलाएको बेलामा उपस्थित भएको छ, तर कुनै कारणवस एक दिन उपस्थित हुन सकेन भने फरार लेख्ने चलन छ," महान्यायाधविक्ता वडालले भन्नुभयो, "फरार शब्द लेख्नुभन्दा अनुपस्थित प्रतिवादी लेख्नु राम्रो हुन्छ, सुधारकै प्रयत्नका लागि यो गरिएको हो ।"

**खाता रोक्का गर्दा दायित्व जति मात्रै रोक्ने**

महान्यायाविक्ताले कुनै अभियोग लागेका मानिसको बैंक खाता पूरै रोक्का गर्ने भएकाले जति मागदावी हो त्यति मात्र रोक्का गर्नेगरी काम गर्न निर्देशन दिनुभएको छ ।

अनुसन्धानको क्रममा प्रचलित कानुनबमोजिम बैंक खाता वा सम्पत्ति रोक्का राखिएकोमा, अभियोगपत्रमा त्यस्ता बैंक खाता वा सम्पत्तिबाट पीडितलाई विगो वा क्षतिपूर्ति भराइ पाउने वा जफत गरिपाउने माग दाबी लिनुपर्ने अवस्था रहनेछ भने अनुसन्धानका क्रममा रोक्का राखेको बैंक खाता वा सम्पत्ति अभियोगपत्र दायर गर्दाकै बखत वा पक्षको अनुरोधमा अनुसन्धान गर्ने निकायमा फुकुवाको लागि लेखी पठाउने भनिएको छ ।

साथै रोक्का राखेको सम्पत्ति वा बैंक खाताबाट पीडितलाई विगो वा क्षतिपूर्ति भराई पाउने माग दाबी लिइएको रहेछ भने विगो वा क्षतिपूर्ति भराइ पाउने माग दाबी लिइएको हदसम्मको बैंक खातामा रहेको रकम वा सम्पत्ति रोक्का राखी अन्य सम्पत्ति फुकुवाका लागि अनुसन्धान गर्ने निकायमा लेखी पठाउन निर्देशनमा भनिएको छ ।

"कुनै अभियोग लाग्ने बित्तिकै पूरै बैंक खाता रोक्का गर्ने गरेको देखियो, "महान्यायाधिवक्ता बडालले भन्नुभयो, "त्यो गर्दा अन्याय हुने भएकाले जति मागदावी हो, त्यति मात्रै रोक्का गर्न जरुरी छ, बार र

*बाँकी तीन पृष्ठमा*


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

तिलाठी कोइलाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी

# अमेरिकी राष्ट्रपति चुनाव : ह्यारिस र ट्रम्पबीच तीव्र प्रतिस्पर्धाको संकेत



**सोमनाथ लामिछाने**
काठमाडौं, ९ असोज (रासस)।

महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिका लागि आगामी नोभेम्बर ५ तारिखका दिन चुनाव हुँदैछ। अर्थात् चुनाव हुन ४२ दिन मात्र बाँकी छ तर राष्ट्रपतिका मुख्य दुई उम्मेदवारमध्ये कसले बाजी मार्छ भन्ने अझै एकिन भइ नसकेको अमेरिकी चुनावी मतसर्वेक्षणहरूले देखाइरहेका छन्।

यस पटकको चुनावमा रिपब्लिकन पार्टीका तर्फबाट पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प र डेमोक्रेटिक पार्टीबाट वर्तमान उपराष्ट्रपति कमला ह्यारिस मुख्य प्रतिस्पर्धी रहनुभएको छ। दुवै उम्मेदवारले एकअर्का विरूद्ध तिक्ततापूर्ण गालीगलौज गरिरहेका भएपनि आम अमेरिकी नागरिकले भने उहाँहरूले अघि सारेका आर्थिक, सामाजिक, राजनीतिक जस्ता घरेलु मामिलाका विषयसँगै विदेश नीतिका बारेमा उहाँहरूका अडानलाई समीक्षा गरिरहेको बताइएको छ।

एकातिर अमेरिकाको सर्वोच्च नेतृत्वमा कमला ह्यारिसको रूपमा पहिलो महिला र त्यो पनि एसियन-अफ्रिकन मूलकी महिलालाई चुन्ने अवसर प्राप्त भएको छ। ह्यारिसले चुनाव जिते यो अमेरिकी राजनीतिमा एउटा इतिहास नै बन्नेछ। तर ह्यारिसलाई चुनावमा सहज जित निकाल्न भने त्यति सहज छैन। सन् २०१६ मा भएको राष्ट्रपति चुनावमा त्यसबेला निकै लोकप्रिय उम्मेदवार हिलारी क्लिन्टन ट्रम्पसँगै पराजित हुनुभएको थियो। अमेरिकी समाज चरम पितृसत्तात्मक र दक्षिणपन्थी-अनुदारवादी छ भन्ने त्यसबेला चर्चामा थियो। तर यसपटक महिलालाई शीर्ष नेतृत्वमा स्थापित गराउन अमेरिकी समाज सहजै तयार होला ? अझै द्विविधा कायम रहेको धारणा चुनावी सर्वेक्षणले देखाएका छन्।

पछिल्लो पटक फाइभ थर्टी एटले सार्वजनिक गरेको विवरणमा ह्यारिसले ४८ प्रतिशत र ट्रम्पले ४६ प्रतिशत मत पाउने आकलन गरिएको छ। अर्थात दुई उम्मेदवारबीच २ प्रतिशतको मात्र अन्तर छ। गत सेप्टेम्बर १० मा पेन्सिलभेनियामा भएको बहसपछि कमला ह्यारिसले आफ्नो पक्ष निकै मजबूत बनाएको मानिए पनि मतदाताले दुवै उम्मेदवारप्रति खासै धेरै खुलेर समर्थन गरेका छैनन्। राष्ट्रव्यापी मतसर्वेक्षणमा दुई उम्मेदवार अघिपछि देखिए पनि राष्ट्रपतिको चयन भने इलेक्टोरल कलेजका आधारमा हुने गर्दछ। पपुलर मत धेरै ल्याएर मात्र पुग्दैन। अमेरिकी राष्ट्रपतिका लागि कूल ५३८ इलेक्टोरल कलेजमध्ये कम्तीमा २७० स्थान जित्नु पर्दछ। अमेरिकाका ५० वटा राज्यबाट जनसङ्ख्याका आधारमा इलेक्टोरल कलेजको सङ्ख्या निर्धारण हुने गर्दछ। यही कारण धेरै जनसङ्ख्या र इलेक्टोरल कलेज रहेका राज्यहरूमा दुवै उम्मेदवारले प्रचारका कार्यलाई तीव्र बनाएका छन्।

डेमोक्रेट वा रिपब्लिकनका परम्परागत समर्थक बढी भएका राज्यहरूको आधारमा दुवै उम्मेदवारबीच इलेक्टोरल कलेजको सङ्ख्या लगभग बराबर छ। तर इलेक्टोरल कलेज सङ्ख्या ठूलो भएका केही राज्यको परिणाम कुन उम्मेदवारतर्फ सोझिएला भन्ने अनुमान गर्न कठिन भइरहेको छ। स्वीङ स्टेट वा ब्याटलग्राउन्ड स्टेट (जुनसुकै उम्मेदवारले जित्ने अनुमान गरिएका) नामले चिनिएका केही राज्यमा दुवै उम्मेदवारबीच कडा टक्कर रहेको सर्वेक्षणले देखाएका छन्।

यसपटक ब्याटलग्राउन्ड स्टेटका रूपमा चित्रित गरिएका मध्ये नेभादा (६ इलेक्टोरल कलेज भोट), पेन्सिलभेनिया (१९), विस्कन्सिन (१०) र मिसिगन (१५) राज्यमा कमला ह्यारिस १ वा २ प्रतिशत मतान्तरले अघि रहेको एबिसी न्यूजको पछिल्लो सर्वेक्षणले देखाएको छ। उता, नर्थ क्यारोलिना (१६), एरिजोना (११) र जर्जिया (१६) मा डोनाल्ड ट्रम्प अत्यन्त झिनो मतान्तरले अघि रहेको देखाएको छ। यूगभ, आरएमजी रिसर्च, हार्ट रिसर्च, फ्लोरिडा युनिभर्सिटी समेत अधिकांश मतसर्वेक्षणले डेमोक्रेट उम्मेदवार ह्यारिसले झिनो मतान्तरले चुनाव जित्ने अनुमान गरिरहेको समयमा पछिल्लो पटक दी न्यूयोर्क टाइम्सले सार्वजनिक गरेको सर्वेक्षणले भने डोनाल्ड ट्रम्प १ प्रतिशत मतान्तर सहित राष्ट्रपतिमा विजयी हुने देखाएको छ।

"अमेरिका फर्स्ट" "मेक अमेरिका ग्रेट अगेन" को नारा लगाउँदै आएका डोनाल्ड ट्रम्पले पूर्वी क्षेत्रका तीन राज्य स- पेन्सिलभेनिया, नर्थ क्यारोलिना र जर्जिया- मा विजयी भए राष्ट्रपति बन्नबाट उहाँलाई कसैले रोक्न नसक्ने अमेरिकी अखबार "पोलिटिको"का वरिष्ट स्तम्भकार जोनाथन मार्टिनले लेख्नुभएको छ। दुवै उम्मेदवारबीच व्यक्तिगत लाञ्छनायुक्त घोचपेच भए पनि आमरूपमा दुवै उम्मेदवारले केही जल्दाबल्दा विषयलाई सम्बोधन गर्न चाहेको देखिन्छ। खासगरी डोनाल्ड ट्रम्पले अमेरिकाभित्र बढ्दो आप्रवासनलाई निरुत्साहित गर्ने, अवैध आप्रवासीलाई उनीहरूकै देश फर्काउने, दक्षिणी सीमामा पर्खाल लगाउने, इन्धनको मूल्य घटाउने, विदेशी सामानमा कर बढाएर आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने बताइरहनु भएको छ। देशभित्र आप्रवासीको सङ्ख्या ठूलो मात्रामा बढ्नुमा डेमोक्रेट पार्टीको खराब नीति मुख्य रूपमा जिम्मेवार रहेको ट्रम्पको भनाइ छ। उहाँले इजरायल-प्यालेस्टिनीबीच जारी युद्ध तथा रुस-युक्रेन युद्धलाई तत्कालै समाधान गर्ने पटक पटक दोहोर्याउनु भएको छ।

राष्ट्रपतीय बहसका क्रममा डेमोक्रेटिक उम्मेदवार ह्यारिसले भने गाजामा जारी युद्ध रोक्न बाइडेन प्रशासनले भरमग्दुर प्रयास गरिरहेको तथा युक्रेनको स्वतन्त्रतालाई अक्षुण्ण राख्न अमेरिकाले आर्थिक, सैनिक र राजनीतिक सहयोग जारी राख्ने बताउनुभएको छ। यद्यपि यी दुवै मामिलामा खासै प्रगति गर्न नसकेको भन्दै बाइडेन-ह्यारिस प्रशासनको आलोचना भइरहेको छ। अर्कातर्फ, अमेरिकामा बढ्दो बेरोजगारी र मूल्यवृद्धि (मुद्रास्फीति) लाई नियन्त्रणमा ल्याउन दुवै उम्मेदवारबीच दबाब बढ्दो छ। अमेरिकी जनताले दुवै उम्मेदवारलाई यही प्रश्न गरेर हैरान बनाइरहेका छन् जसको अनौठा, अविश्वसनीय जवाफ सुनेर आमजनता र अमेरिकी बौद्धिक समुदाय नै अन्यौलमा रहेको न्यूजविकले लेखेको छ। कमनवेल्थ फाउन्डेसनका प्रमुख कार्यकारी एन्ड्रु लेविसले न्यूजविकमा लेखेका छन्, "केही वर्षदेखि पेन्सिलभेनियामा जीवन धान्ने खर्च नियन्त्रण बाहिर पुगेको छ। हरेक सामग्रीको मूल्य तीव्र गतिमा बढेको छ। आफूले रोजेजस्तो घर किन्न सक्ने अवस्था छैन। तलब, ज्याला बढे पनि दैनिक जीवन गुजाराका लागि अत्यावश्यक खाद्यान्न समेतका सामग्रीको मूल्य अकासिएको छ।"

ह्यारिसले भने पेन्सिलभेनियाका चुनावी सभाहरूमा सम्बोधन गर्दै इन्धन समेतका वस्तुको मूल्यवृद्धिलाई नियन्त्रणमा ल्याउने र आम सर्वसाधारणको जीवनलाई सहज बनाउने प्रतिबद्धता व्यक्त गर्नु भएको छ। तर यी प्रतिबद्धतामा खासै विश्वस्त हुन सकिने अवस्था नदेखिएको लेविसको भनाइ छ। अर्थात् यही प्रवृत्ति अधिकांश राज्यहरूमा छ। यद्यपि, बढ्दो मुद्रास्फीतिलाई नियन्त्रणमा ल्याउन ट्रम्पलाई पनि फलामको च्यूरा चपाएसरह रहेको लेविसको धारणा छ। केही वर्षदेखि अमेरिकी चुनाव वर्ग, क्षेत्र, लिङ्ग, ल्याटिनो, आप्रवासन जस्ता अनेक मुद्दाबाट विभाजित हुन थालेकाले रैथाने अमेरिकीहरूको दृष्टिकोण र धारणाले चुनावी परिणामलाई प्रभावित तुल्याउन थालेको धेरैको बुझाइ छ। (विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमको सहयोगमा)

## *मञ्जुरीबिना विवाह ...*

सरोकारवालासँग छलफल गरेर यो निर्णय लिएको हो।"

महान्यायाधिवक्ता बडालले सरकारी नेपाल सरकारवादी हुने मुद्दामा सर्वोच्च अदालतबाट भएको फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ११ बमोजिम पुनरावलोकन गर्ने वा नगर्ने अन्तिम निर्णय सम्बन्धित नायब महान्यायाधिवक्ता गर्ने निर्णय गर्नुभएको छ।

नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा सम्बन्धित अदालतबाट अभियोग माग दाबी बमोजिम सबै प्रतिवादीको हकमा कसूर ठहर भई सजाय भएको तर जफतको मागदावी लिइएका साधन वा सम्पत्ति जफत नहुने वा सो विषयमा फैसलामा नबोलेकोमा सो हदसम्म पुनरावेदन गर्नुपर्ने अवस्था नभएमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकिल कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकिलले गर्ने समेत निर्णय भएको छ।

मुलुकी अपराध संहिता, २०७४ अनुसार चोरी तथा डाँकासम्बन्धी कसूर) बमोजिमको कसूरमा सम्बन्धित अदालतबाट अभियोग मागदाबी बमोजिम सबै प्रतिवादीको हकमा कसूर ठहर भई सजाय भएको तर मागदाबी लिइएको विगोमध्ये बरामद भएको विगो मात्र भराउने गरी फैसला भएकोमा सो हदसम्म पुनरावेदन गर्नुपर्ने अवस्था नभएमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकिल कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकिलले गर्ने महान्यायाधिवक्ताले गर्नुभएको छ।

साथै, महान्यायाधिवक्ताले अभियोजन गर्दाका बखत प्रचलनमा रहेको कानुनबमोजिम जरिबानावा क्षतिपूर्तिको मागदाबी लिइएकोमा फैसला हुँदाको बखत त्यस्तो कानुन निष्क्रिय/खारेज भएको कारण जरिबाना वा क्षतिपूर्ति भराउने ठहर नभएको वा सो सम्बन्धमा फैसलामा नबोलेको अवस्था भएकोमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकिल कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकिलले गर्ने समेत निर्णय गर्नुभएको छ। महान्यायाधिवक्ताले मंगलबार पत्रकार भेटघाट गरी उक्त निर्णय गरेको र मातहातका निकायलाई निर्देशन समेत दिइसकेको जानकारी दिनुभयो।

## विश्व समाचार

### इरानबाट मेरो जीवन 'ठूलो खतरा' मा छ : ट्रम्प

वासिङ्टन, ९ असोज (रासस/एएफपी)।

रिपब्लिकन राष्ट्रपति उम्मेदवार डोनाल्ड ट्रम्पले इरानले उहाँको जीवनमा 'ठूलो खतरा' उत्पन्न गरेको बुधबार बताउनुभएको छ।

अमेरिकी गुप्तचर निकायले तेहरानबाट 'वास्तविक र विशिष्ट' खतराको चेतावनी दिएको आफ्नो प्रचार टोलीले बताएपछि उहाँको उक्त भनाइ आएको हो।

"इरानबाट मेरो जीवनमा ठूलो खतरा छ, सम्पूर्ण अमेरिकी सेनाले हेरिरहेको छ र प्रतीक्षा गरिरहेको छ", उहाँले आफ्नो ट्रुथ सामाजिक प्लेटफर्ममा लेख्नुभयो, "इरानले पहिला नै केही प्रयास गरेको थियो जुन सफल भएन तर फेरि उसले प्रयास गर्नेछ। म पहिला कहिल्यै नदेखेको जति धेरै मानिस, बन्दुक र हतियारले घेरिएको छु।" उहाँले आफ्नो जीवनमा भएका दुई हत्या प्रयासपछि अमेरिकी गुप्तचर सेवाको बढ्दो निगरानीलाई उल्लेख गर्नुभयो।

ट्रम्पको प्रचार टोलीले मङ्गलबार एक वक्तव्यमा अमेरिकी गुप्तचर निकायले ट्रम्पलाई इरानबाट उहाँको हत्या गर्ने 'वास्तविक र विशिष्ट' खतराको चेतावनी दिएको बताएको छ।

प्रचार टोली र ट्रम्प स्वयंले उल्लेख गरेका यी खतराहरू नयाँ हुन् वा पहिले नै रिपोर्ट गरिएका खतराहरू हुन् भन्नेबारेमा तत्काल स्पष्ट भएको छैन।

"आज राष्ट्रिय गुप्तचर निर्देशकको कार्यालयले राष्ट्रपति ट्रम्पलाई अमेरिकामा अस्थिरता र अराजकता फैलाउने प्रयासमा उहाँको हत्या गर्ने इरानको वास्तविक र विशिष्ट खतराका बारेमा जानकारी दिएको थियो", प्रचार सञ्चार निर्देशक स्टिभन चेउङले विज्ञप्तिमा भन्नुभयो, "गुप्तचर अधिकारीहरूले यी निरन्तर र समन्वित आक्रमणहरू पछिल्ला केही महिनामा बढेको पहिचान गरेका छन् र सबै एजेन्सीका कानून कार्यान्वय अधिकारीहरू राष्ट्रपति ट्रम्पको सुरक्षा र निर्वाचनलाई हस्तक्षेपबाट मुक्त राख्न काम गरिरहेका छन्।"

प्रचार टोलीले यी दाबीबारे थप विस्तार गरेको छैन। विश्व नेताहरू इरान समर्थित हिजबुल्लाह र इजरायलबीचको शत्रुतालाई व्यापक क्षेत्रीय युद्धमा परिणत हुनबाट रोक्न प्रयासरत रहेका बेला यी दाबी आएका हुन्।

यस गृष्ममा ट्रम्पको हत्या गर्ने प्रयास गरिरहेको भन्ने आरोपलाई इरानले अस्वीकार गरेको छ। पेन्सिल्भेनियामा भएको र्‍यालीमा एक बन्दुकधारीले गोली चलाएर एक व्यक्तिको मृत्यु र ट्रम्पलाई घाइते बनाएको घटनालगत्तै यो आरोप आएको हो।

जुलाई १३ को हत्या प्रयासको केही दिनपछि अमेरिकी सञ्चारमाध्यमहरूले अधिकारीहरूले रिपब्लिकनविरुद्ध कथित इरानी षड्यन्त्रबारे खुफिया जानकारी प्राप्त गरेको र यसले उहाँको सुरक्षा बढाइएको बताएका थिए। इरानले यी 'दुर्भावनापूर्ण' आरोपहरूलाई अस्वीकार गरेको थियो।

"यदि उनीहरूले 'राष्ट्रपति ट्रम्पको हत्या' गरे, जुन सधैँ सम्भावना छ, म आशा गर्छु कि अमेरिकाले इरानलाई नष्ट गर्नेछ, पृथ्वीको सतहबाट मेटाइदिनेछ- यदि त्यसो भएन भने अमेरिकी नेताहरूलाई 'कायर' मानिनेछ", त्यसबेला ट्रम्पले आफ्नो सामाजिक मिडिया प्लेटफर्म ट्रुथमा लेख्नुभएको थियो।

### पोलिथिन झोला प्रयोगमा प्रतिबन्ध

ढाका, ९ असोज (रासस/सिन्ह्वा)।

बङ्गलादेशका सबै सुपरमार्केटमा प्लाष्टिक (पोलिथिन एण्ड पोलिप्रोपाइलिन ब्याग) झोला राख्न प्रतिबन्ध लगाइएको छ। यो निर्णय अक्टोबर १ देखि लागु हुनेछ।

सरकारले नोभेम्बर १ देखि अन्य बजारमा पनि प्लाष्टिकका झोलामाथि प्रतिबन्ध लगाइने सरकारी अधिकारीले मङ्गलबार घोषणा गरेका छन्।

बङ्गलादेशको अन्तरिम सरकारको वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालयका सल्लाहकार सैयदा रिजवाना हसनले नोभेम्बर १ देखि पोलिथिन र पोलिप्रोपाइलीनका उत्पादकहरूविरुद्ध कडा कारबाही गरिने बताउनुभयो।

सन् २००२ देखि लागू भएको प्लाष्टिक झोलामाथिको प्रतिबन्धलाई अब कडाइका साथ लागू गरिने उहाँले बताउनुभयो। सुपरस्टोर्सले वैकल्पिक ब्यागका लागि अर्डर दिइसकेको र माग पूरा गर्न आवश्यक व्यवस्था मिलाइएको उहाँले बताउनुभयो।

सञ्चारमाध्यमले राष्ट्रव्यापी अभियानमार्फत जनचेतना जगाउने कदमसहित आगामी प्रतिबन्ध लागू गर्न विस्तृत कार्ययोजना बनाइएको अधिकारीहरूले बताएका छन्।

### जम्मु-काश्मीर विधानसभाको दोस्रो चरणको मतदान जारी

श्रीनगर, ९ असोज (रासस/एएनआई)।

जम्मु-काश्मीरमा बुधबार दोस्रो चरणको विधानसभा निर्वाचनका लागि मतदान भएको छ। केन्द्र शासित प्रदेशका छ जिल्लाका २६ निर्वाचन क्षेत्रका २३९ उम्मेदवारको भाग्यको फैसला गर्न बुधबार जारी निर्वाचनमा २५ लाखभन्दा बढी योग्य मतदाताले मतदान गर्नेछन्।

यो चरणमा १३ लाख १२ हजार ७३० पुरुष, १२ लाख ६५ हजार ३१६ महिला र ५३ जना तेस्रो लिङ्गी गरी कुल २५ लाख ७८ हजार ९९ लाख मतदाताले मतदान गर्नेछन्। अन्तिम चरणको निर्वाचन अक्टोबर १ मा हुनेछ भने मतगणना अक्टोबर ८ मा हुनेछ।

# मनसुन सक्रिय भएपछि सप्तरी, सिरहा र पर्सा लगायत ५६ जिल्ला उच्च जोखिममा

**दैनिक समाचारदाता**
**राजविराज, ९ असोज ।**

जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले मनसुन सक्रिय भएपछि ५६ जिल्लामा रेड अलर्ट जारी भएको छ ।

बुधबार सातै प्रदेशका ५६ जिल्लामा 'रेड अलर्ट' जारी गरेको हो । 'रेड अलर्ट'ले उच्च जोखिमको सम्भावनालाई जनाउँछ ।

मौसम पूर्वानुमान महाशाखाले यसअघि असोज ७ गते जारी गरेको विशेष बुलेटिनमा २७ जिल्लालाई मात्र उच्च जोखिमको सूचीमा राखेकोमा बुधबार जारी अर्को विशेष बुलेटिनमा ५६ जिल्लालाई उच्च जोखिमको सूचीमा राखिएको छ ।

महाशाखका अनुसार मधेश प्रदेशका सप्तरी, सिरहा र पर्सा जिल्लालाई उच्च जोखिममा राखेको छ भने बारा, धनुषा, सर्लाही, महोत्तरी र रौतहट जिल्लालाई मध्यम जोखिममा राखेको छ ।

महाशाखाका अनुसार १९ जिल्ला मध्यम जोखिममा छन् भने हिमाली दुई जिल्ला (मुगु र हुम्ला) मात्र न्यून जोखिममा छन् ।

महाशाखाका मौसमविद गोविन्द झाले बंगालको खाडीबाट प्रवाह हुने जलवाष्पयुक्त वायु तथा त्यस क्षेत्रमा बनेको न्यूनचापीय प्रणालीको प्रभावका कारण नेपालमा भारीदेखि धेरै भारीसम्म वर्षा हुने प्रक्षेपण छ ।

असोज १० गते बिहीबार दिउँसोदेखि असोज १३ गते आइतबारसम्म देशभर वर्षाको सम्भावाना छ । मौसमविदका अनुसार कोशी, मधेश, बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशमा भारी वर्षाको सम्भावना छ । यी प्रदेशका केही स्थानहरुमा धेरै भारी वर्षा पनि हुन सक्ने छ । साथै तराई भूभागमा हावाहुरीसमेत चल्ने सम्भावना छ ।

यो वर्षाले विषेशतः कृषि क्षेत्रमा प्रभाव पार्ने देखिएकाले कृषि कर्महरु सुरु गर्नुभन्दा अगावै अध्यावधिक मौसमको जानकारी तथा पूर्वानुमान नियमित हेर्न सबैलाई अनुरोध गरेको छ ।

यसैगरी वर्षाको कारण भूक्षय, बाढी, पहिरो तथा गेग्रान बहावको समेत जोखिम छ । शहरी तथा तराई क्षेत्रहरूमा डुबान हुनसक्ने सम्भावना छ । ठूला तथा साना नदीनाला र खोलाहरूमा पानीको सतह बढ्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायात समेत प्रभावित हुनसक्ने आशंका छ ।

त्यसैले मौसमविदले सर्वसाधारणदेखि सबै सरोकारवालालाई उच्च सतर्कता तथा पूर्व तयारी अपनाउन अनुरोध गरेका छन् ।

## *मधेश प्रदेश सरकारको ...*

आएका चार वटा अस्पतालहरू सर्लाहीको धनकौल, पर्साको पोखरिया, सप्तरीको भारदह, धनुषाको डुमरिया अहिले सञ्चालन हुने अन्तिम तयारीमा रहेको पनि मुख्यमन्त्री सिंहले बताए ।

विभिन्न स्वास्थ्य संस्थामा पठाउन चार सयभन्दा बढी दरबन्दी सिर्जना भएको भन्दै उनले स्वास्थ्य संस्थाका लागि थप विषयगत दरबन्दी सिर्जना तथा स्रोत सुनिश्चितताको कार्य अगाडि बढाइएको जानकारी दिए ।

लागु औषध दुर्व्यसनमुक्त युवा अभियानका लागि प्रदेश सरकारले अवधारणा पत्र तयार गरी कार्यविधि तर्जुमा गरिरहेको भन्दै यस अवधिमा महोत्तरीको गौशालामा सुधार केन्द्र बनाइएको सिंहले जानकारी दिए ।

मुख्यमन्त्री सिंहले सशर्त अनुदान वितरणमा देखिएका बेथिति नियन्त्रण गर्न सरकारले प्रत्येक महानगरपालिकालाई रु १ करोड ७५ लाख, प्रत्येक उपमहानगरपालिकालाई रु १ करोड २५ लाख, प्रत्येक नगरपालिकालाई रु ९५ लाख र प्रत्येक गाउँपालिकालाई रु ८० लाखका दरले सशर्त अनुदान समयमै प्रदान गर्ने व्यवस्था मिलाएको उल्लेख गरे ।

कार्यक्रममा प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी, भौतिक पूर्वाधारमन्त्री सरोजकुमार यादव, खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवाल, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री सत्रुधनप्रसाद सिंहलगायतका उपस्थिति रहेको थियो ।

# आर्थिक न्यायको माग गर्दै दलित नागरिक समाजको प्रदर्शन




काठमाडौँ, ९ असोज (रासस) ।

आर्थिक न्याय र सामाजिक सुरक्षाको माग गर्दै दलित नागरिक समाज तथा विभिन्न संघसंस्थाका प्रतिनिधिले माइतीघरमण्डलामा प्रदर्शन गरेका छन् ।

'एशिया दलित राइटस् फोरम'को आयोजनामा भएको उक्त प्रदर्शनमा दलित समुदायलाई आर्थिकरुपमा सबल बनाउन राज्यले प्रभावकारी नीति र योजना ल्याउनुपर्ने माग राखिएको छ ।

प्रदर्शनमा एशिया दलित अधिकार मञ्चका महासचिव भक्त विश्वकर्माले सामाजिक न्यायबिना आर्थिक समानता सम्भव नहुने र सामाजिक सुरक्षा, स्वास्थ्यको अधिकार, वातावरणीय न्याय, जातीय विभेदको अन्त्य नभएको भन्दै दलित समुदायको अधिकारका लागि एकीकृत आन्दोलन आवश्यक रहेको बताउनुभयो ।

प्रदर्शन कार्यक्रममा गैरसरकारी संस्था महासंघका कार्यक्रम व्यवस्थापक अभिषेक साह, जागरण मिडिया सेन्टरकी अध्यक्ष कमला विश्वकर्मा, दलित सेवा संघका सञ्जुसिंह विश्वकर्मा, राष्ट्रिय नेपाल दलित कल्याण संघ सिरहाका अध्यक्ष मोहन पासवान, र दलित महिला केन्द्र नेपालकी अध्यक्ष लक्ष्मी परियारलगायतका वक्ताहरुले आफ्ना धारणा राख्नुभएको थियो ।

प्रदर्शनकारीले जातीय विभेद, सामाजिक सुरक्षा, स्वास्थ्य अधिकार, खाद्य सङ्कट र वातावरणीय समस्याको समाधानका लागि राज्यले तत्काल कदम चाल्नुपर्ने मागसहितका ब्यानर र प्लेकार्ड बोकेका थिए ।

एशिया दलित अधिकार मञ्चकासँगै गैरसरकारी संस्था महासंघ, नेपाल, दलित गैरसरकारी संस्था महासंघ, नेपाल राष्ट्रिय दलित समाजकल्याण संघ, दलित महिला संघ, समन्यायिक समाज नेपाल, राष्ट्रिय दलित नेटवर्क, जागरण मिडिया, समता फाउण्डेशनलगायत संघसंस्थाले पनि प्रदर्शनमा एक्यबद्धता जनाउँदै भाग लिएका थिए ।

प्रदर्शनकारीले आर्थिक न्यायबिना सामाजिक न्याय सम्भावना नरहेकाले दलित समुदायको आर्थिक उत्थानका लागि राज्यको ठोस नीति र कार्यान्वयनको माग गरेका छन् ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**महादेवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सप्तरी**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**राजगढ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सप्तरी**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**बलान बिहुल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*